सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**सम्बत् २०७९ साल असार १८ गते बसेको सुदूरपश्चिम प्रदेश, मन्त्रिपरिषद्को १३६ औं वैठकले गरेको निर्णय-**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- जोरायल गाउँपालिका, बडीकेदार गाउँपालिका र बोगटान फुड्सिल गाउँपालिकालाई सशर्त अनुदान रकम हस्तान्तरण गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश सभाका माननीय सदस्य गेल्बु सिंह बोहराको औषधी उपचार वापतको रकम भुक्तानी दिने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश सभाका माननीय सदस्य हर्क बहादुर कुंवरको औषधी उपचार वापतको रकम भुक्तानी दिने ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश सभाका माननीय सदस्य देवकी मल्ल थापाको औषधी उपचार वापतको रकम भुक्तानी दिने ।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश सभाका माननीय सदस्य तारा लामा तामाङ्गको औषधी उपचार वापतको रकम भुक्तानी दिने ।

६. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश सभाका माननीय सदस्य उमा कुमारी वादीको औषधी उपचार वापतको रकम भुक्तानी दिने ।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालय - कानून सुधार तथा सुझाव समिति सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

८. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

९. सामाजिक विकास मन्त्रालय - सेती प्रादेशिक अस्पतालका लागि जग्गा उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने ।

| | |
|---|---|
| १०. | विभिन्न स्थानीय तहहरुको मागपत्रका आधारमा माननीय आर्थिक मामिला मन्त्रीज्यूबाट समेत सहमती प्राप्त भई माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत बजेट विनियोजन गर्ने विषयसँग सम्बन्धित प्रस्तावहरुका सम्बन्धमा देहाय बमोजिम गर्नेः-<br>(क)नौगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दार्चुलाको च.नं. २०८९, मिति २०७९/२/२० को पत्रबाट वडा नं. ३ अन्तरगत निर्माणाधीन होपरीगाड प्रथम लघु जलविद्युत आयोजनाको लागि रकम निकासा सम्बन्धमा लेखि आएकोमा प्रचलित विधि, प्रकृया र कानूनी प्रावधान बमोजिम खर्च गर्ने गरी उक्त आयोजनाको लागि रु. २०,००,०००/- (अक्षेरुपी बीस लाख मात्र) आर्थिक मामिला मन्त्रालयले नौगाड गाउँपालिका, दार्चुलालाई सशर्त अनुदानको रुपमा उपलब्ध गराउने।<br>(ख)अपिहिमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दार्चुलाको च.नं. १५९०, मिति २०७९/३/१७ को पत्रबाट वडा नं. ६ मज्जे खोलामा निर्माणाधीन मज्जे खोला लघु जलविद्युत योजनाको पुनःनिर्माणका लागि बजेट विनियोजन गरिदिने सम्बन्धमा लेखि आएकोमा प्रचलित विधि, प्रकृया र कानूनी प्रावधान |

सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

| | |
|---|---|
| | बमोजिम खर्च गर्ने गरी उक्त योजनाको लागि रु. २०,००,०००/- (अक्षेरुपी बीस लाख मात्र) आर्थिक मामिला मन्त्रालयले अपिहिमाल गाउँपालिका, दार्चुलालाई सशर्त अनुदानको रुपमा उपलब्ध गराउने।<br>(ग) गन्यापधुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, डडेल्धुराको च.नं. १२३५, मिति २०७९/३/१७ को पत्रबाट २०७८ असोज ३१ देखि कार्तिक ३ गतेसम्म परेको अविरल वर्षाको कारण जिल्ला सदरमुकाम, वडा केन्द्र र वस्तीहरुसम्म पुग्ने विभिन्न सडकहरु पूर्णरुपमा अवरुद्ध भएकोले उक्त सडकहरु तत्काल सूचारु गर्न भनी १३ औं गाउँसभाले निर्णय गरी कार्य सुचारु गरेकोमा सोको भुक्तानीका लागि गाउँपालिकासँग बजेट नभएकोले बजेट व्यवस्था गरिदिनुहुन भनी लेखि आएकोमा प्रचलित विधि, प्रकृया र कानूनी प्रावधान बमोजिम खर्च गर्ने गरी उक्त सडकहरु मर्मत कार्यको लागि रु. ३०,००,०००/- (अक्षेरुपी तीस लाख मात्र) आर्थिक मामिला मन्त्रालयले गन्यापधुरा गाउँपालिका, डडेल्धुरालाई सशर्त अनुदानको रुपमा उपलब्ध गराउने। |